# स्थानीय राजपत्र


## रघुगंगा गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० मौवाफाँट, म्याग्दी, साउन २० गते, २०८३ साल


## भाग-२

## रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

रघुगंगा गाउँपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको कार्यविधि संख्या नं. ०६

# स्थानीय तहद्वारा विज्ञमार्फत विद्यालयका लागि पाठ्यपुस्तक निर्माण सम्बन्धी मापदण्ड, (कक्षा ४ र ५) २०८३

**स्थानीय तहद्वारा विज्ञमार्फत विद्यालयका लागि पाठ्यपुस्तक निर्माण सम्बन्धी मापदण्ड, (कक्षा ४ र ५) २०८३**

**प्रस्तावना :** स्थानीय आवश्यकता, भाषा, संस्कृति, इतिहास तथा परिवेश अनुरूप विद्यालय तहका पाठ्यपुस्तकहरू निर्माण गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विज्ञको सहभागितामा पाठ्यपुस्तक विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित शिक्षा सम्बन्धी कानून बमोजिम रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३।०४।२० गतेको बैठकले यो मापदण्ड बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम "स्थानीय तहद्वारा विज्ञमार्फत विद्यालयका लागि पाठ्यपुस्तक निर्माण सम्बन्धी मापदण्ड, २०८३" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा**

यस मापदण्डमा, विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(१) "स्थानीय तह" भन्नाले रघुगंगा गाउँपालिका सम्झनु पर्छ ।

(२) "पाठ्यपुस्तक" भन्नाले विद्यालय तहका लागि तयार गरिने स्वीकृत शैक्षिक पुस्तक सम्झनु पर्छ ।

(३) "विज्ञ" भन्नाले सम्बन्धित विषय, भाषा वा शिक्षाशास्त्रमा योग्यता र अनुभव भएको व्यक्ति सम्झनु पर्छ ।

(४) "समिति" भन्नाले दफा ५ बमोजिमको पाठ्यपुस्तक निर्माण समिति सम्झनु पर्छ ।

(५) "विद्यालय" भन्नाले गाउँपालिका भित्र सञ्चालित सामुदायिक वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

**३. उद्देश्य**

यस मापदण्डको उद्देश्य देहाय बमोजिम हुनेछः

(१) स्थानीय पाठ्यक्रम तथा आवश्यकता अनुरूप पाठ्यपुस्तक निर्माण गर्नु

(२) विज्ञ छनोट तथा परिचालन प्रक्रियालाई पारदर्शी बनाउनु

(३) पाठ्यपुस्तकको शैक्षिक गुणस्तर सुनिश्चित गर्नु

(४) राष्ट्रिय पाठ्यक्रम ढाँचासँग सामञ्जस्य कायम गर्नु

**४. पाठ्यपुस्तक निर्माण गर्न सकिने क्षेत्र**

गाउँपालिकाले देहायका विषयमा पाठ्यपुस्तक निर्माण गर्न सक्नेछः

(१) स्थानीय पाठ्यक्रम अन्तर्गतका विषय

(२) मातृभाषा तथा स्थानीय भाषा सम्बन्धी विषय

(३) रघुगंगा गाउँपालिकाको स्थानीय इतिहास, संस्कृति, भूगोल, पर्यटन, पेशा तथा जीवनशैली

(४) गाउँपालिकाले आवश्यक ठहर गरेका अन्य विषय

**५. पाठ्यपुस्तक निर्माण समिति**

(१) पाठ्यपुस्तक निर्माणका लागि पाठ्यपुस्तक निर्माण समिति, सल्लाहकार समिति, भाषा सम्पादन मण्डल लगायतका आवश्यक समितिका सदस्यहरु गाउँ कार्यपालिकाले तोकेबमोजिमको रहनेछ ।

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पाठ्यपुस्तक निर्माण कार्यको समन्वय गर्ने,

(ख) गुणस्तर परीक्षण तथा परिमार्जनको व्यवस्था गर्ने,

(ग) पाठ्यपुस्तक निर्माणको पाण्डुलिपी कार्यादेश प्राप्त भएको मितिले १ महिना भित्र सम्पन्न गरी अन्तिम स्वीकृतिका लागि पेश गर्ने,

(घ) आवश्यकता अनुसार समितिको बैठक (कार्यशाला सहित) बस्ने साथै पाठ्यपुस्तक निर्माण अवधिभर अधिकतम ३० वटा बैठक बसी निर्माण कार्य सम्पन्न गर्ने ।

**६. विज्ञ छनोट प्रक्रिया**

(१) छनोटका आधार देहाय बमोजिम हुनेछन्

(क) न्यूनतम स्नातक तहको शैक्षिक योग्यता

(ख) पाठ्यपुस्तक वा शैक्षिक सामग्री विकासको अनुभव

(ग) स्थानीय सन्दर्भ, भाषा र संस्कृतिको ज्ञान ।

(२) छनोट समितिले आवश्यकताअनुसार विज्ञको रुपमा छनोट गरी बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**७. पाठ्यपुस्तक निर्माण प्रक्रिया**

पाठ्यपुस्तक निर्माण प्रक्रिया देहाय बमोजिम हुनेछः

(१) स्वीकृत पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक निर्माण गर्ने,

(२) पाठ्यक्रमको आधारमा सिकाइ उपलब्धि निर्धारण गर्ने,

(३) गाउँपालिकाका सबै वडामा पुगेर सूचना संकलन गरी पाठ्यवस्तु लेखन गर्ने,

(४) भाषा सम्पादन तथा प्राविधिक समीक्षा गर्ने,

(५) आन्तरिक तथा बाह्य विज्ञद्वारा गुणस्तर परीक्षण गर्ने,

(६) अन्तिम परिमार्जन र स्वीकृतिका लागि पेश गर्ने ।

**८. स्वीकृति तथा कार्यान्वयन**

(१) प्रमुख प्रशासकीय अधिकृतबाट निर्माण सम्पन्न गर्ने मिति तोकेर कार्यादेश दिइनेछ ।

(२) निर्माण सम्पन्न पाठ्यपुस्तक गाउँ शिक्षा समिति र गाउँ कार्यपालिकाबाट स्वीकृत गरिनेछ ।

(३) स्वीकृत पाठ्यपुस्तक गाउँपालिका भित्रका विद्यालयहरूमा प्रयोगमा ल्याइनेछ ।

(४) आवश्यक भए परीक्षण प्रयोग (Pilot) गरी सुधार गर्न सकिनेछ ।

**९. पारिश्रमिक तथा खर्च**

(१) पाठ्यपुस्तक निर्माण गर्न खटिने विज्ञ र समितिका कर्मचारी तथा पदाधिकारीहरुलाई प्रति बैठक/कार्यशाला पारिश्रमिक बापत रु.१,५०० उपलब्ध गराइनेछ ।

(२) पाठ्यपुस्तक लेखन, सम्पादन, मुद्रण तथा वितरण सम्बन्धी खर्च निम्न बमोजिमको बजेटको सीमा तथा परिधीभित्र रहि गर्नुपर्नेछ र सो खर्च गाउँपालिकाले व्यहोर्नेछ ।

(क) यातायात खर्च —पाठ्यपुस्तक निर्माण समितिले कार्यक्रम अवधिभर बढीमा ३ पटक गाडीभाडा सम्झौता गरी गाडी भाडामा लिन सक्नेछ र प्रति पटक अधिकतम रु.१०,००० सम्मको मात्र सम्झौता गर्नुपर्नेछ ।

(ख) मसलन्द तथा स्टेशनरी खर्च —कार्यक्रम अवधीभर अधिकतम रु. २०,००० सम्मको स्टेशनरी खर्च गर्नुपर्नेछ र उक्त बजेट अपुग भएमा पुष्टि हुने कारण र प्रमाण सहित बढीमा रु.५,००० सम्मको थप बजेट मागको निवेदन पेश गर्नुपर्नेछ । औचित्य उचित लागेमा कार्यपालिकाले स्वीकृत गर्न सक्नेछ ।

(ग) चिया, खाजा, खाना, पानी लगायतको खर्च —पाठ्यपुस्तक निर्माण समिति, विज्ञ, आमन्त्रित कर्मचारी तथा पदाधिकारीका लागि उपस्थितिका आधारमा प्रतिव्यक्ति दैनिक चिया, खाजा र पानी खर्च बापत रु.२५०, सम्बन्धित

सदस्यलाई उपलब्ध गराईनेछ र खाना खर्च बापत (दिनको १ पटक) रु.३०० का दरले बिल अनुसार उपलब्ध गराईनेछ।

(घ) विविध खर्च —कार्यक्रम अवधीभर विविध खर्च शीर्षकमा बढीमा रु. ५,००० सम्मको खर्च गर्न सकिनेछ ।

(ङ) पाठ्यपुस्तक छपाई सम्बन्धी काम गाउँ कार्यपालिकाको कार्यालयले नै गर्नुपर्ने छ ।

**१०. अनुगमन तथा मूल्याङ्कन**

(१) पाठ्यपुस्तकको प्रयोग र प्रभावकारिताको नियमित अनुगमन गरिनेछ ।

(२) शिक्षक, विद्यार्थी तथा सरोकारवालाबाट प्राप्त सुझावका आधारमा आवश्यक परिमार्जन गर्न सकिनेछ ।

**११. संशोधन:** (१) गाउँपालिकाले आवश्यक ठानेमा यो मापदण्डमा संशोधन गर्न सक्नेछ ।

**१२. बाधा अड्काउ फुकाउने अधिकार** (१) यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको निर्णय अनुसार फुकाइनेछ ।

**आज्ञाले,**
कुलराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत